# अध्याय १

# सुन्न र संचार गर्न कठिनाइ

संसारमा बहिरा वा ज्यादै कम सुन्ने धेरै बालबालिकाहरू छन्। आफ्ना नानी बहिरो भएको कारण कहिल्यै थाहा नपाउने बाबुआमाहरु पनि छन्। बहिरोपन कानको संक्रमण, मस्तिष्क ज्वरो जस्ता रोग, बिरामहरु भएका, कुनै चोटपटक लागेका वा वंशानुगत गुणका कारणहरुले भएको हुनसक्छ। बहिरोपनका कारणबारे जानकारीका लागि अध्याय १५ हेर्नुहोस्।



अरू बालबालिका जस्तै, बहिरा वा राम्ररी कान सुन्न नसक्ने बालबालिकाहरूलाई पनि हाम्रो माया, ध्यान, मित्रता, अपनत्वभाव र शिक्षाको आवश्यकता पर्दछ। कान नसुन्ने भएका कारण अरुको सहायताबिना उनीहरूले भाषा सिक्न सक्दैनन् र भाषा नजान्दा अरू केटाकेटी जसरी उनीहरूले अरूसँग संचार गर्न, आफ्नो कुरा बताउन र सिक्न सक्दैनन्।

तर, बालखैमा सहयोग पाएमा, बहिरा केटाकेटीहरूले पनि अरु बच्चाले जस्तै भाषा सिक्न सक्छन्। अत: बहिरा बालबालिकाहरूका लागि सबैभन्दा महत्त्वपूर्ण गुरु भनेकै बाबुआमा, परिवारका सदस्यहरू र साथीभाइहरू हुन्, जसले उनीहरूलाई संचार गर्न सिकाउन सक्छन्।

अभिभावकलाई सहयोग भयोभने उनीहरुले सुन्न सक्ने क्षमता तलमाथि भएका केटाकेटीहरु स्वीकार्य हुने तथा उनीहरूका सबल पक्षबारे बुझ्नसक्ने घर र समुदाय निर्माण गर्न सक्छन्। यसो भएमा ती केटाकेटीहरूले साथी बनाउन, केही कुरा सिक्न र सुखी जीवन बिताउन सक्छन्।



## संचार किन महत्वपूर्ण छ

कुनैपनि बच्चाले आफ्नो बालखकालमा धेरै छिटो भाषा सिक्छ । यसकारण बालकको सुनाइ सम्बन्धी समस्या सुरुमै पहिचान गरिनु र सो समस्याको प्रभावकारी सहयोग पाउनु ज्यादै महत्वपूर्ण कुरा हो । यदि यस्तो नभएमा संचारसीप सिक्ने सबैभन्दा उत्तम समय (जन्म देखि ७ वर्षसम्म) त्यसै खेर जान सक्छ । जति छिटो बच्चाले भाषा सिक्न र संचार गर्न थाल्छ उसले त्यति नै धेरै सिक्न सक्छ ।

> **संचार** भनेको आफूलाई भनिएको कुरा बुझ्न र **बुझेका** कुराको प्रतिउत्तर दिनसक्ने वा आफूले व्यक्त गरेका विचारहरू, आवश्यकताहरू र भावनाहरू अरुलाई बुझाउन सकिने कार्य हो ।

### बहिरा नानीको एक्लोपन

कुनै नानी बहिरो हुनु भनेको ऊ शिशैशिसाको घरभित्र बाँच्नु हो । बहिरो बालकले व्यक्तिहरू कुराकानी गरिरहेको देख्न सक्छ तर उनीहरू के भनिरहेका छन् बुझ्न सक्दैन ।



व्यक्तिहरू भाषा सिकेका कारण एक आपसमा संचार गर्न सक्छन् । तर बहिरो बालकले आफूले नसुनेको भाषा सिक्न सक्दैन । यसको अर्थ धेरै बहिरा बालबालिकाहरू आफू वरिपरिका मानिसहरूसँग अन्तरक्रिया गर्नसक्ने गरी भाषा नसिकी वा भाषा बोल्न नजानीकन नै हुर्कन्छन् ।

मानिसहरूले एक आपसमा संचार गर्न र सम्बन्ध विकास गर्न ज्यादै नै आवश्यक हुन्छ । बहिरो बालकले अरू व्यक्तिसँग वा अरु व्यक्तिले बहिरो बालकसँग सम्पर्क स्थापित गर्ने संचारसीप नहुँदा बहिरो बालक धेरैजसो समय एक्लै छोडिन थाल्छ । केही समयपछि ऊ आफ्ना साह्रै नजिकका व्यक्तिहरूबाट पनि टाढिन थाल्छ । अन्ततः उः सामाजिक रूपमा एक्लो बन्दछ ।






## सिकाइ र सोचाइका लागि संचार

सञ्चार बालबालिकाहरूका लागि संसारको विषयमा जान्न अरू व्यक्तिहरूसँग सम्पर्क स्थापना गर्न, आफ्ना भावना अभिव्यक्त गर्न र आफ्ना विचारबारे सोच्न र तिनको विकास गर्न आवश्यक छ । कुनै पनि रूपको सञ्चारको अभावमा बहिरा बालकले आफ्नो दिमाग वा क्षमताको विकास गर्न सक्दैनन् ।



बालबालिकाहरूले जति बढी राम्ररी भाषा सिक्न सक्छन् संसारबारे त्यति नै बढी जान्न, सोच्न र योजना बनाउन सक्नेछन् र आफू वरिपरिका मानिसहरूसँग राम्रो सम्बन्ध राख्न सक्नेछन् ।

भाषा र बालबालिकाको विकासबारे थप जानकारीका लागि अध्याय २ हेर्नुहोस् ।





*म अब तपाईंहरुलाई आफ्नो कथा सुनाउँछु तर त्यो भन्दा पहिले म अरु बहिरा केटाकेटीहरूको कथा सुनाउँछु। यो कथा अनिताको हो। उनी पनि म जस्तै बहिरी छिन्। सबै केटाकेटी म जस्तै विद्यालय जान पाएका हुँदैनन् र संचारसीप सिक्न पाएका हुँदैनन्। अनिताको पनि यस्तै अवस्था छ।*

## अनिताको कथा

अनिता लगभग पूर्णरूपमा बहिरी थिइन् तर यो कुरा उनका बाबुआमाले ४ वर्ष नहुँदासम्म चालै पाएनन्। त्यसवेलासम्म उनीहरूले अनिता स्वस्थ र फूर्तिली भएको मात्र देखे। अनिताले बोल्न नसकेकोमा उनीहरू चिन्तित थिएनन्। उनीहरूले अनिताको विकास ढिलो भएको मात्र ठानेका थिए। तर, अर्को छोरी ललिता जन्मिएपछि मात्र केही गडवडि भएको थाहा पाए।

"उनी सुन्न सक्छिन् भनेर तपाईहरू निश्चिन्त हुनुहुन्छ ?" एक दिन एकजना छिमेकीले सोधे। "हो हामी निश्चिन्त छौं," अनिताकी आमा रमिलाले भनिन्। रमिलाले ठूलो स्वरमा अनितालाई बोलाईन् र अनिताले त्यतै टाउको फर्काइन्।





तर उनी ३ वर्षकी हुँदा पनि अनिता केही शब्दमात्र भन्न सक्थिन् तर उनकी २ वर्षकी बहिनी ललिताले हरेक दिन नयाँ नयाँ शब्द बोलिरहेकी थिइन्। रमिलाले कुरा गर्दा वा गीत गाउँदा अनिता भन्दा ललिता बढी मुस्कुराउँथिन् र हाँस्थिन्। त्यसैकारण रमिलाले अनिता भन्दा ललितासँग बढी कुराकानी गर्ने र गाउने गरिन्। ललिता सामान माग्ने, साधारण गीतहरू गाउने र अन्य केटाकेटीहरूसँग खेल्ने गर्थिन्। अनिता एक्लै खेल्थिन् किनभने अरू केटाकेटीहरूसँग खेल्दा प्रायजसो झगडा वा रूवाइमा टुङ्गिन्थ्यो।

एकपटक गाउँको हाटबजारमा ललिताले कपालमा लगाउने रिबन मागिन् र रमिलाले उनलाई एउटा रिबन किनिदिइन्। केही क्षणपछि अनिताले चुपचाप अर्को रिबन टिपिन् र आफ्नो कपालमा लगाउन थालिन्। लाजमर्दो र चिन्तित भएर रमिलाले त्यो रिबन खोसिन्। अनिता भुइँमा लडीबडी गर्दै र हातखुट्टा फ्याँक्दै चिच्याउन थालिन्।

जब अनिताका बाबुले हाटबजारमा भएको घटना सुने उनले रिसाएर अनितातर्फ हेरे र भने, "तिमी कहिले आफूलाई चाहिएको कुरा माग्न सिक्छ्यौ ? तिमी ४ वर्षकी भइसक्यौ तर पनि बोल्न कोशिश गर्दिनौ। तिमी मूर्ख हौ कि अल्छीमात्र हौ ?"



अनिताले आफ्ना बाबुलाई हेरिन्। उनले आफ्ना बाबुले भनेको कुरा केही पनि बुझिनन् तर उनले आफ्नो बाबुको अनुहारबाट नै रिसाएको बुझिन्। उनका गालामा आँसु बग्न थाले। उनका बाबु पग्लिए र उनलाई अँगालोमा बाँधे।

त्यस दिन बेलुका अनिताका बारे परिवारमा कुराकानी भयो । रमिलाले अनिताको सुन्नसक्ने क्षमताबारे छिमेकीले गरेको प्रश्न सम्झिन् । अनिताले कस्तो-कस्तो आवाज सुन्न सक्छिन् भनेर जान्न उनले अनिताले नदेख्नेगरी विभिन्न आवाजहरू निकालिन् । तर, अनिताले धेरैजसो आवाजहरू सुने जस्तो गरिनन् तब उनीहरूले अनिता बहिरी भएको चाल पाए । त्यो दिन उनीहरू सबैका लागि दु:खद रह्यो ।

अनिताको अरू केटाकेटीसरह वृद्धिविकास हुदैन भनेर अनिताको परिवार चिन्तित भयो ।




बाबुआमाले अनितालाई सघाउन सक्दो कोसिस गरे । उनीहरू आफ्ना अरू छोराछोरीको हेरचाहर गर्न, र खेतीपाती हेर्न व्यस्त हुने गर्थे । यसकारण अनितालाई चाहिने ध्यान पुऱ्याउन उनीहरूलाई कठिन भइरहेको थियो । अनितालाई कसरी सहयोग गर्ने भनेर उनीहरूलाई थाहा थिएन तैपनि उनीहरू कुनै दिन अनिताले पनि राम्रो जीवन बिताउन पाउँनेछिन् भनी मनमनै आस बाँधिरहेका हुन्थे ।



*अनिता मूर्ख होइनन् । कसैले उनलाई कहिल्यै भाषा सिकाएनन् र उनीसँग कुराकानी कसरी गर्नेबारे सिक्नपनि चाहेनन् । अनिताले अनि उनका आफन्त तथा साथीहरूले पनि एकअर्कालाई बुझेनन् वा निरास पारे ।*

अनिता र उनी जस्ता बहिरा केटाकेटीहरूले नराम्रो व्यवहार गर्न सक्छन् किनभने आफूले के गर्नु पर्छ भनेर उनीहरू बुझ्दैनन् । अनिताले राम्ररी सुन्न नसक्ने हुनाले आफ्ना परिवारका सदस्यहरूको भाषा बुझ्न उनलाई ज्यादै कठिन हुन्छ । त्यसकारण उनलाई अरूको चाहना बुझ्न र आफ्नो चाहना अरुलाई बुझाउन कठिन हुन्छ ।

राम्ररी सुन्न नसक्ने केटाकेटीले कहिलेकहीं एक्लोपन वा आँफूप्रति बेवास्ता गरिएको अनुभव गर्नु र उनीहरूमा "व्यवहारगत समस्या" विकास हुनु, वा अरूसँग सम्बन्ध स्थापना गर्न सिक्न ढिला हुनु कुनै अचम्मको कुरा होइन । अनितालाई भाषा सिकाउनु आवश्यक छ यसो भएमा उनले आफू वरिपरिको संसार बुझ्न सक्नेछिन् ।



*यो ओमकारको कथा हो। बोल्न सिकिसकेपछि उनको सुन्नेशक्ति कम भयो।*

## ओमकारको कथा

ओमकार सुन्न सक्थे र बढी नै बोलक्कड केटा थिए। तर, उनको कान २ वर्ष हुँदासम्म पाक्यो। उनका आमाबाबुले यसलाई खासै ध्यान दिएनन् र उपचार गराएनन्। कान जति पाक्थ्यो त्यति नै उनको सुन्नेशक्ति घट्दै गएको थियो। ४ वर्ष नपुग्दा नै उनी आफ्ना बाबुआमाले गरेका कुराकानी बुझ्दैनथे। उनी अल्मलिएर आफ्ना बाबुआमालाई हेर्थे र दिनदिनै कम बोल्न थाले।

बुढौतिका कारण सुन्ने शक्तिमा कमी आएका ओमकारका हजुरबाले केही सहयोगी उपायहरु बताए। अब ओमकारले उसको बाँकी रहेको सुन्ने शक्तिबाट र बोल्ने मान्छेको ओठको चालबाट कुराहरु बुझ्न सक्छ भन्ने बताए। तर, कैयन शव्दहरु बोल्दा ओठको चाल एकै किसिमको हुने हुनाले कहिलेकंही कुरा बुझ्न कठिन हुने बताए। कतै एअर फोन (Hearing aid) ले पो ओमकारलाई सजिलो पार्छ कि भन्ने कुरा गरे।




ओमकारलाई उनका बाबुले शहरको श्रवण क्लिनिकमा जचाए। उनको नेपालका अञ्चल अस्पतालमा मात्र उपलव्ध हुने अडियोग्राम जाँच गरियो। यसले सुन्ने शक्तिको जाँच गर्छ। यो जाँचपछि ओमकारका लागि एअरफोनले सुन्न सजिलो पार्छ भन्ने कुरा स्वास्थ्यकर्मीले बताए। ओमकारका बाबुले आफ्ना भाञ्दाजुबाट पैसा सापटी लिएर ओमकारलाई एअरफोन किनेर लगाइदिए। त्यसपछि घरका सबैले ओमकारले बुझ्न सक्ने गरी बोल्न र उच्चारण गर्न उनीसँगै अभ्यास गरे। तर, ओमकार जति बढ्दै जान्छन् र उनको कान जति बढ्दै जान्छ, उनले एअरफोनका पूर्जा फेर्दै जानु पर्ने हुन्छ। यसो हुँदा एअरफोनको प्रयोग ज्यादै खर्चालु छ।

ओमकार जस्तै केही मात्रामा सुन्न सक्ने केटाकेटीहरू बोल्न र ओंठको चाल पढ्न सक्छन्। उनीहरु केही मात्रामा सुन्न सक्ने भएकाले उनीहरुलाई पनि ओमकारलाई जस्तै एअरफोनले सहयोग पुऱ्याउन सक्छ। बहिरो हुनु अगाडि भाषा बुझ्ने भएकाले नै उनीहरुलाई एअरफोनले सहयोग पुऱ्याउन सक्छ।



*ओमकार जतिजति बढ्दै जान्छन् उनका बाबुआमालाई एअरफोनका पूर्जाहरु र ब्याट्री किन्न धौ धौ पर्न सक्छ। उनीहरूले पैसाको जोहो गर्न सके भने त ओमकारले राम्रै गर्न सक्नेछन्।*



*यो जुनीको कथा हो। उनका बाबुआमालाई उनी बहिरी छिन् भन्ने कुरा समय मै थाहा भएको थियो। उनीहरुले जुनीसँग सानैदेखि सङ्केतले संचार गर्न थालेका थिए।*

## जुनीको कथा

कल्पना र इन्द्रजीतले उनीहरुको छोरी जुनी बहिरी भएको थाहा पाए। जुनीका उमेरका साथीहरुले बोल्न थालिसकेका थिए, उनले भने बहिरी भएकाले सिक्न सकेकी थिइनन्।

सिक्न र जीवनमा सफल बन्न चाहिने सबै अवसरहरू जुनीलाई उपलब्ध गराउने निधो उनकी आमा कल्पनाले गरिन्। शंका, डर र धेरै प्रश्नहरूका बावजुद पनि उनी सोच्थिन्, “जुनीले सुन्न सक्दिनन् भन्नुको अर्थ केही कुरा गर्न सिक्न पनि सक्दिनन् भन्ने कदापि होइन।”




कल्पनाले भिन्नै भाषा बोल्ने एक विदेशी महिलालाई भेटेको समय सम्झिन्। एक आपसमा बोलेर कुराकानी गर्न नसक्ने भएकाले आफूले भन्न चाहेको कुरा उनीहरूले हाउभाउ र अभिनय गरेर एकअर्कालाई बुझाएका थिए। यसो गर्दा धेरै समय लागेको र कुनै-कुनै बेला उनीहरूले एक-आपसका कुराको गलत अर्थ लगाएको भएता पनि उनीहरूलाई रमाइलो लागेको थियो।

त्यही कुरा सम्झेर जुनीसँग संचार गर्न परिवारका सबैले हाउभाउ र “घरेलु सङ्केतहरू” निर्माण गरे अनि सँगै बसेर तिनको अभ्यास गरे। छिमेकीहरूले पनि जुनीका घरेलु सङ्केतहरू प्रयोग गर्न सिके। त्यसपछि कल्पनाले गाउँको विद्यालयकी शिक्षिकालाई जुनीलाई कहिलेदेखि विद्यालयमा पठाउँ भनेर सोधिन्। शिक्षिकाले त्यस विद्यालयमा जुनीलाई पढाउने कुनै उपाय नभएको बताइन्। उनले कल्पनालाई जुनीलाई पढाउन सक्ने कुनै विद्यालयको बारेमा बताइन् तर त्यो विद्यालय आउनजान २ घण्टा लाग्थ्यो। कल्पना र इन्द्रजीतले जुनी कहिले हरेक दिन आफैं त्यो विद्यालय आउनजान सक्नेछिन् भनी सोच्न थाले।

संचार गर्नु मानवको प्रबल चाहना हुन्छ। जब आमाबाबुले हाउभाउ र घरेलु सङ्केतहरूद्वारा संचार गर्न सिक्छन्, जुनी जस्ता कलिली केटीहरु चलाख र सुखी भएर फक्रन्छन्।



*सबै बालबालिकाको शिक्षाको अधिकार छ। तर, जुनीले कसरी शिक्षा लिन सक्छिन्? मेरो देशमा भएका परिवर्तनहरूका कारणहरूले मात्र म विद्यालय जान सकें।*



*मैले आफ्नो कथा भन्नु अगाडि तपाईंहरुले मध्य अमेरिकास्थित निकारागुवा नामक मेरो देश र म हुर्कंदै गर्दाको अवस्थाबारे जान्नै पर्छ।*

## निकारागुवामा अपाङ्गता भएकाहरूका लागि शिक्षा

धेरै वर्षसम्म निकारागुवामा समोजा वंशले शासन गरेका थिए। मुलुकको धेरै सम्पति उनीहरूको नियन्त्रणमा थियो र उनीहरूले जनतालाई थोरै सेवाहरूमात्र उपलब्ध गराएका थिए।

समोजाहरू सबैका लागि शिक्षा दिनु महत्वपूर्ण ठान्दैनथे। खेतमा काम गर्ने मानिसहरूले विद्यालय जानु पर्ने आवश्यकता देख्दैनथे। समोजा स्वयं भन्थे, “मलाई शिक्षित जनता चाँहिदैन, बरु मलाई गोरुहरू चाहिन्छ।”



फलस्वरूप निकारागुवाका अधिकाशं जनता पढ्न लेख्न जान्दैनथे। धेरै बालबालिकाहरू–गरिब, अपाङ्ग, ग्रामीण इलाकामा बस्ने करिब सबै बालबालिका र विशेषगरी बहिराहरू विद्यालय जान सक्दैनथे।



*शक्तिमा रहेका व्यक्तिहरूले जनतालाई आफ्नोभन्दा कम अधिकार भएका ठान्थे, तुच्छ व्यवहार गर्थे। यस्तो व्यवहार गरिब, अन्य भाषाभाषिका बोल्ने, महिला, अन्य धर्म मान्ने र विशेष गरी अपाङ्गता भएका व्यक्तिहरू माथि हुने गर्थ्यो।*

सन् १९७९ मा निकारागुवाका जनताले समोजाको निरङ्कुशतन्त्रको अन्त्य गरे, र नयाँ सरकारको स्थापना गरे। नयाँ सरकारले शिक्षा सबैको अधिकार हो भन्ने विश्वास गर्थ्यो र त्यसले बहिराहरूसहित सबै बालबालिकाहरूको लागि शिक्षा उपलब्ध गरायो। पहिलो पटक निकारागुवामा बहिराहरूका लागि एउटा विद्यालयको स्थापना भयो।



जब सबै मानिस शिक्षाप्रति प्रतिबद्ध हुन्छन्, बहिरा बालबालिकाहरूले सिक्ने, विद्यालय जाने अरू जस्तै आफ्ना क्षमताहरूको विकास गर्ने अवसर पाउँछन्।

## कारमेनको कथा

म जन्मिएको केही महिनापछि मेरो गाउँका धेरै केटाकेटीहरू एउटा महामारीमा परे। म पनि बिरामी भएँ। मलाई धेरै ज्वरो आयो। म निको भएकोमा मेरा बाबुआमा धेरै खुसी त हुनुभयो तर त्यसले मलाई बहिरो बनाएको थाहा भयो। जसै म बढ्दै गएँ सामान्य विचार र आवश्यकताबारे संचार गर्न यति गाह्रो पर्न थाल्यो कि हामी निरास भयौं। मेरो परिवारलाई मसँग कसरी संचार गर्ने वा मलाई कसरी सिकाउने भनेर थाहा भएन।




क्रान्तिपछि निकारागुवामा बहिराका लागि खोलिएको एउटा विद्यालयमा मेरा बाबुआमाले मलाई भर्ना गरिदिनु भयो। विद्यालयले मलाई अर्कै तरिकाबाट सिकाउन सक्छ भन्ने वहाँहरूलाई लागेको थियो। विद्यालयका शिक्षकहरूले हामी सबैलाई ओठको चाल पढ्न र बोल्न सिकाउने कोशिश गर्नुभयो। हामी मध्ये धेरैले ओठहरूको चाल पढ्न वा राम्ररी बोल्न सकेनौ। तर हामी सबै अएकआपसमा घुलमिल हुन र बाहिरी संसारमा भुल्न पाएकोमा खुसी थियौं।




हामीमध्ये धेरैजसो ठूलो भएपछि विद्यालय जान थाल्यौं। हामी आफूले प्रयोग गर्ने गरेका घरेलु सङ्केतहरू प्रयोग गरी संचार गर्न थाल्यौं जबकि हरेकले प्रयोग गर्ने सङ्केतहरू भिन्दा-भिन्दै थिए। तर हामीले यी सङ्केतहरू एक आपसलाई सिकायौं र सँगै मिलेर नयाँ सङ्केतहरूको विकास गर्‍यौं। हामीलाई संचार गर्न सङ्केतहरूको प्रयोग सजिलो लाग्थ्यो। जब हामीले बढी भन्दा बढी सङ्केतहरूको प्रयोग गर्न थाल्यौं त्यो एउटा भाषा बन्यो। चाँडै नै हामीहरू एक आपसमा धेरै कुराहरू जस्तै आफ्ना परिवार र साथीहरू, हाम्रा योजना र सपनाहरू र हामीमाथि घटेका घटनाहरूबारे कुराकानी गर्नसक्ने भयौं।

## भाषाले सिकाइ सिक्न र समुदाय-विकास गर्न सम्भव बनाउँछ

निकारागुवाकी कारमेन र उनका बहिरा युवासाथीहरूले साङ्केतिक भाषा प्राकृतिक र पूर्ण भाषा हो र यो समुदायमा विकसित हुन्छ भनेर विश्वसामू प्रमाणित गरेका छन् । बोलिने भाषाहरूमा जस्तै साङ्केतिक भाषा प्रयोग गर्नका लागि पनि त्यो भाषा प्रयोग गर्ने व्यक्तिहरूको समूह चाहिन्छ ।

जब कारमेन र अन्य केटाकेटीहरूले निकारागुवाको साङ्केतिक भाषा र तिनमा प्रयोग हुने संचार सीपको विकास गरे । उनीहरूले बस्तुको व्याख्या गर्ने, समस्या समाधान गर्ने र आफ्ना भावना, आवश्यकता र विचारहरूको बोध गराउने क्षमताहरूको पनि विकास गरे । साङ्केतिक भाषाले बालबालिकाहरूलाई संचार गर्ने उपाय मात्र दिएन, त्यसले उनीहरूको सोच्न सक्ने क्षमताको पनि विकास गर्‍यो ।




**एकअर्काका भिन्नताहरु स्वीकार गर्दा नै सबै एकै ठाउँमा आउन सकिन्छ**

संचार र अभिव्यक्त गर्ने मामलामा बहिरा व्यक्तिहरू अरुले भन्दा भाषालाई छुट्टै तरिकाले बुझ्छन् र प्रयोग गर्ने गर्छन् । भिन्नता नै छैन भनी स्वाँग पार्नु भन्दा भिन्नतालाई स्वीकार गर्नु र भिन्न तरिका प्रयोग गर्नु नै सबै व्यक्तिहरुलाई एकै ठाउँमा ल्याउनु बुद्धिमानी कुरा हुन्छ । बहिरा व्यक्तिहरुले अरु व्यक्तिसँग जति 'बढी न्यानो' सम्बन्ध र कुरा अभिव्यक्त गर्न सक्छन्, त्यति नै उनीहरुलाई सहयोग गर्न सकिएको कुरा सुन्नसक्ने क्षमता भएका व्यक्तिहरुको अनुभव छ ।






यस्तो पूर्ण भाषा विकास गर्न सक्नुको एउटा कारण निकारागुवाका धेरै बालबालिकाले यसको प्रयोग गर्नु पनि हो । निकारागुवाका जनताले आफ्ना स्रोतहरूको ठूलो हिस्सा शिक्षामा लगाउने निधो गरेका हुनाले पूर्ण भाषा विकास गर्नसक्ने अवसर उनीहरूले पाएका हुन् । त्यहाँका जनताले यस्तो शैक्षिक सुधार आन्दोलनको प्रारम्भ गरे कि जसले बहिरा वा राम्ररी सुन्न नसक्ने लगायतका सबै बालबालिकाहरूका लागि सबल विद्यालय प्रणालीको विकास हुन सक्यो ।

## बहिराको अधिकारका लागि एक जूट हुने

सबैका लागि शिक्षाका लागि निकारागुवाली जनताले चलाएको सङ्घर्षलाई धन्यवाद छ, जसको कारण सयौं बहिरा युवाहरू पहिलो पटक विद्यालयहरुमा आइपुगे । यसरी, विद्यालय आइपुगेका एउटा पुस्ताका बालबालिकाहरूलाई संचार गर्ने नयाँ तरिकाको आवश्यकता भयो । उनीहरुको आवश्यकता र प्रयाशले नै उनीहरुले संचार गर्ने भिन्दै तरिका अपनाउन थाले र समयक्रममा उनीहरुको तरिका नै निकारागुवाको साङ्केतिक भाषाको रुपमा विकसित भयो ।

१९८० को दशकको मध्य सम्ममा यी बहिरा युवाहरू बहिराको हैसियतले आफ्ना अधिकारहरूका लागि भेटघाट र कार्य गर्न थाले । उनीहरूले निकारागुवाली राष्ट्रिय बहिरा संघ (ANSNIC) को गठन गरे । सो संघमा रहेर उनीहरूले एउटा शब्दकोष र बालबालिकाहरूका लागि पुस्तक प्रकाशन गरेर साङ्केतिक भाषाको विकास तथा प्रबर्द्धन गर्ने सोच बनाए । उनीहरूले बहिरा विद्यालयमा सङ्केतहरु समवेश गर्ने र वहिरा शिक्षा कार्यक्रमहरुमा सुधार गर्ने काममा सहकार्य गर्न थाले ।

अहिले, निकारागुवा राष्ट्रिय बहिरा संघ निकारागुवाको एउटा शक्तिशाली समूह बनेको छ र यसले बहिराहरूको अधिकारका लागि काम गर्छ र साथै यसका सदस्यहरूका लागि सामाजिक केन्द्रका रूपमा पनि काम गर्छ ।



## सबै बालबालिकाहरूले संचार सिक्न सक्छन्

सुन्न सक्ने क्षमता तलमाथि भएका बालबालिकाहरूले हाउभाउ, घरेलु सङ्केतहरू, पूर्ण साङ्केतिक भाषा र ओंठको चाल पढेर र बोलेर एकआपसमा संचार गर्न सक्छन् । अलिअलि सुन्न सक्ने बालबालिकाहरूले संचार गर्न ओंठको चाल पढ्न र बोल्न सक्छन् । अरू बालबालिकाले आफ्ना हातहरूले सङ्केतहरू बनाएर संचार गर्न सक्छन् । युवा बहिराहरूले साङ्केतिक भाषा कान सुन्ने केटाकेटीले बोलिने भाषा सिके जस्तै सजिलै र स्वाभाविक रूपले सिक्छन् ।



एकअर्काप्रति घनिष्टता बढाउन र अपनत्वको भावना विकसित गर्न बहिरा बालबालिकाहरु एक आपसमा भेटघाट गर्ने गर्नुपर्छ र उनीहरुले बहिरा प्रौढहरूसँग भेटघाट गर्नु पनि महत्वपूर्ण हुन्छ ।

कुनै समुदायमा बालबालिकालाई साङ्केतिक भाषा सिकाउन सक्ने कोही बहिरा व्यक्ति हुन सक्छन्, उनीहरुको पहिचान गरिनु पर्छ ।

केही परिवारहरूले आफ्ना बच्चालाई बहिराहरूको लागि स्थापित विशेष विद्यालयमा पठाउन सक्छन् । केही परिवारले उनीहरूलाई घरमै सिकाउन र पढाउन सक्छन् । केही केटाकेटीलाई इअरफोन लगाई दिएर र ओंठको चाल पढ्न सिकाएर पनि सहयोग गर्न सकिन्छ ।

जस्तोसुकै संचार तरिका अपनाइए पनि यो पुस्तकले बहिरा बच्चाहरुसँग संचार गर्न धेरथोर सहयोग पुऱ्याउन सक्छ ।

प्रत्येक परिवारसँग आफ्नो बच्चालाई सहयोग गर्दा भिन्न भिन्न प्रकारका कठिनाइ भोगेका र कामहरू गरेका कथा हुन्छन् । यी कथाहरू एकअर्कालाई सुनाउने गर्दा अरु परिवारहरूलाई आफ्ना केटाकेटीहरूलाई सिकाउन र सुरक्षित भएको अनुभव गर्न सहयोग पुऱ्याउनेछ ।

